# प्रदेश सभा

# गण्डकी प्रदेश

# आठौं अधिवेशन

# (पाँचौ बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति : २०७८।०२।२०गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १ बजेर २ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ ।के थियो माननीय सदस्यज्यूको ?

**माननीय मायानाथ अधिकारी (प्रमुख सचेतक नेकपा एमाले)**

माननीय सभामुखज्यू, हिजोको प्रदेश सभा वैठकमा नियमित कार्यसूची अनुसार वैठक संचालन भएको थियो। हिजोको अन्तिम वक्ता नेकपा एमालेका सांसद अन्तिम अधिवक्तामा माननीय मन बहादुर गुरुङको हुनुहुन्थ्यो । बोल्ने क्रममा उहाँले सरकार र सरकारको नेतृत्वलाई लगाएको अनावश्यक र पूर्वाग्रही आरोपको प्रतिवाद गर्दै सबै कमजोरी सरकारले नै गरेको हुन्छ ? बैशाख १३ बाट सुरु भएको विशेष अधिवेशनमा अविश्वासको प्रस्ताव सम्बन्धमा भएको छलफलमा कार्यसूची तय भएर टुंगिनु पर्नेमा

किन रोकियो, किन टुंगिन सकेन ? त्यो त संसदस्य परम्परा र मर्यादा विपरित भएन ? यस्ता प्रश्न उठाउनु भएको थियो ।

सभामुखज्यू, लोकतन्त्रमा बोल्न पाइन्छ भनेर नै हामीले निरंकुश व्यवस्थाको अन्त्य गरेको हो । तर त्यो विधि र मर्यादामा रहनु पर्छ भन्नेमा दुई मत छैन । विधि त पालन गर्ने र गराउने दुबैले नै कार्यान्वयन गर्नु पर्छ । प्रदेश सभामा सम्माननीय राष्ट्रपति र प्रदेश प्रमुखका विरुद्ध भएका अराजक अभिव्यक्तिहरु नैतिकताको कसीमा हो, जाँचिनु पर्ने होइन र ? पूर्वाग्रह प्रतिशोधको विचार संसदीय लोकतन्त्रमा सुहाउने विचार होइन, यसले अराकताको पक्षपोषण गर्छ । यस्ता अभिव्यक्तिहरु प्रति सचेतनता देखाउनु जरुरी छ । संसद राजनीतिको केन्द्रीय थलो हो, सांसदहरु राष्ट्रिय खेलाडी हुन्, उनीहरुलाई खेलको नियम सबै जानकारी नै हुन्छ ।

सबै राजनीतिक भनाईमा मर्यादापूर्वकबाट व्यवहार गर्नु न्यायोचित र पदिय गरिमायुक्त हुन्छ । असन्तुलित र असहिष्णु व्यवहारले हामीलाई सही ठाउँमा पुर्याउँदैन। हिजो माननीय मनबहादुर गुरुङले व्यक्त गरेको विषय व्यक्ति र पद प्रति लक्षित विषय होइन । उहाँले उठाउनु भएको कानुनी नभई राजनैतिक विषय हो। उहाँले कसैको पदीय गरिमालाई आँच आउने मनासाय देखिन्न र होइन, माननीय सभामुख प्रति त झन हुँदै होइन । यसर्थ, हिजो उहाँले व्यक्त गरिएको कुरा रेकर्डबाट हटाउनु पर्ने आवश्यक छ र ? सो रेकर्ड र अभिव्यक्ति सभामुखप्रति लक्षित हुन्छ र ? प्रदेश सभालाई मर्यादित र व्यवस्थित बनाउन हामी सजक रहन हामी प्रतिवद्ध पनि छौं र यसको निम्ति हामीले सबैले पनि यस अनुसार व्यवहार गर्नु पर्छ ।

कारण काखा र पाखा हुने गरी होइन, प्रदेश सभाको गरिमा बढ्ने गरी व्यवहार गरौं । माननीय सांसदले प्रदेश सभामा जनताको भावना बोल्ने हो । यसैले प्रदेश सभामा माननीय मन बहादुर गुरुङको भनाईलाई सम्मान गर्दै, भनाइलाई डिलिट गर्ने सभामुखको निर्णय सच्याउन म नेपाल कम्युनिष्ट पार्टी एमाले प्रदेश सभा संसदीय दल गण्डकी प्रदेशको तर्फबाट अनुरोध गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

मानननीय सदस्यज्यूहरु, नियमावली विपरित नभएको सबै कुरा सच्याइने छ । त्यो नियमावली भन्दा अलि विपरित भयो कि भनेर मैले त्यहाँ तत्काल प्रतिक्रिया जनाएको हो । माननीय सदस्यहरुः सर्वप्रथम राष्ट्रिय जनमोर्चा केन्द्रीय कार्यालय तथा राष्ट्रिय जनमोर्चा संसदीय दल गण्डकी प्रदेशको मिति २०७८÷०२÷२० को प्राप्त पत्र अनुसार राष्ट्रिय जनमोर्चाको तर्फबाट गण्डकी प्रदेश वाग्लुङ जिल्ला निर्वाचन क्षेत्र १ (ख) बाट प्रत्यक्ष निर्वाचित गण्डकी प्रदेश सभाका माननीय सदस्य श्री कृष्ण बहादुर थापाको नेपालको संविधान ७२ राजनीतिक दल सम्बन्धी ऐन ७३ तथा गण्डकी प्रदेश सभा नियमावली ७४ बमोजिम निज गण्डकी प्रदेश सभा सदस्य माननीय श्री कृष्ण बहादुर थापालाई प्रदेश सभा सदस्य पदबाट हटाई उहाँको पद रिक्त गरिदिने व्यहोराको सूचना प्राप्त हुन आएकोले राजनीतिक दल सम्बन्धी ऐन २०७३ को परिच्छेद ६ दफा ३५ को उपदफा १ बमोजिम यस सभासमक्ष जानकारी गराउँदछु ।

माननीय सदस्यज्यू, अब मिति २०७८ साल जेठ १७ गते माननीय अर्थ भूमि व्यवस्था कृषि सहकारी तथा गरीवि निवारण मन्त्री श्री किरण गुरुङले सभा समक्ष प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७८÷०७९ को बजेट तयारीका लागि विनियोजन विधेयक २०७८ का सिद्धान्त र प्राथमिकता माथिको बाँकी कार्यक्रम प्रारम्भ हुनेछ ।

माननीय सदस्यहरुलाई छलफलको लागि ७ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु ।

सबभन्दा पहिले माननीय सदस्य रोशन गाहा थापा लाई छलफल भाग लिन समय दिन्छु ।

**माननीय रोशन गाहा थापा**

माननीय सभामुखज्यू, विनियोजन विधेयक २०७८ को सिद्धान्त र प्राथमिकताको सन्दर्भमा अर्थ मन्त्रीज्यूले प्रस्ताव गर्नुभएको हामी यो सिद्धान्त र प्राथमिकताको सन्दर्भमा छलफलमा छौं र यो छलफलबाट आउने गण्डकी प्रदेशको सरकारलाई र हामी निर्वाचित सबै माननीय सदस्यहरुलाई आफ्नो क्षेत्र र आफ्नो जिल्लामा अब आउने नयाँ योजनाहरुको सन्दर्भमा हामी सबैबाट राम्रो सुझावको रुपमा सरकारलाई सहयोग हुनेछ भन्ने मैले अपेक्षा लिएको छु । सर्वप्रथम विश्वाव्यापी माहामारीबाट

अल्पायुमै निधन हुनु हुने दाजभाइ, दिदीबहिनी प्रति म श्रद्धासुमन व्यक्त गर्न चाहन्छु र दुःखद परिवारहरुप्रति गहिरो समवेदना सहित उपचारमा रहनुभएका सबै दाजुभाइ, दिदीबहिनीहरु प्रति म स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

हामीले गत वर्ष पनि साझा रुपमा संकल्प प्रतिवद्ध जाहेर गरेका थियौं, यो प्रदेशलाई उज्यालो प्रदेशको रुपमा लैजानको निम्ति, एक घर एक धारा निर्माणको निम्ति, एक निर्वाचनमा एक सडक निर्माण गर्नका निम्ति र यो गण्डकी प्रदेशमा एउटा कृषि नमुना गाउँको नमुना स्थापित गर्नका निम्ति हामी सबैले आ—आफ्नो क्षेत्रमा, निर्वाचन क्षेत्रमा यसलाई हामी सही सलामतबाट यसलाई सबै माननीयज्यूहरुले यसलाई स्वस्थ तरिकाबाट हामी प्रतिस्पर्धाको रुपमा निर्माणमा अगाडि गइरहेका छौं । यहाँ सरकारले गरेन, सरकारले बजेट दिएन जुन खालको एउटा भ्रम सृजना गरिएको छ, यो हामी सबैलाई एउटा दुःखदायी कुरो हो । त्यसैले सबै माननीयज्यूले आफ्नो गोजीमा रहेको मोबाइलमा मैले बनाएको सडक,.मैले बनाएको सिँचाई, मैले बनाएको धारा, मैले बनाएको शिक्षा, मैले बनाएको धारा यो सबैको गोजीको मोबाइलमा सकेसम्म सामयिक रुपमा नभए आफू एकलको पनि एउटा फोटो सहितको सबै आफ्नो निर्वाचन क्षेत्रमा रहेको विकासको कामलाई यो गतिमा अगाडि बढाएको छ ।

म के सुझाव रुपमा के दिन चाहन्छु भने, यो गण्डकी प्रदेशको सरकारलाई प्रदेश गौरव योजना, रणनीतिक महत्व र वहुउद्देश्यीय कार्यक्रम र योजनाहरुलाई पहिलो प्राथमिकता दिनुपर्छ । दोस्रो प्राविधिक, आर्थिक र नीतिगत रुपमा अभावका कारणबाट अधुरा रहेका योजनाहरुलाई पूरा गर्नका निम्ति सरकारले यो विधेयकबाट अगाडि लैजानुपर्छ । तेस्रोमा स्रोतको पहिचान गर्ने सरकारको दायित्व नै हो, अब  आउने नयाँ योजनाहरुमा यी कुराहरुलाई लैजानु पर्छ जस्तो लाग्छ । तर धेरै माननीयज्यूले यहाँ धेरै कुरा राख्नुभयो । सबै कुरामा म जान पनि चाहन्न । यहाँ सेटिङका कुराहरु आए, सेटिङ एउटा सत्य कुरा हो, सेटिङ भएको कुरा । माननीयज्यूले यही रोष्टमबाट भन्नुभएको थियो । म त्यो कुरालाई स्वीकार पनि गर्छु । सेटिङ, इटिङ र मिटिङ, कुटी रिसोर्टमा भएको थियो रे हामीलाई त खबर भएन है । अब को कति के छ भन्ने कुरा हामीले विगतको सरकारलाई पनि हेरिसकेका छौं, कस्का खुट्टी कति बलिया छन् भन्ने

कुरा । त्यसो भएको हुनाले आफूले गरेकोमा अग्रगमन र अरुले गरेकोमा प्रतिगमन । यो खालको प्रतिवातबाट हामी जानु पनि हुँदैन । यही रोष्टमबाट मलाई जहाँ सम्म लाग्छ, कुनै कसैलाई पनि दोषारोपण नगरिकन, कसैको मान मर्दन नगरिकन, कसैलाई आक्षेप नलगाईकन, मान हानी नगरिकन स्वयं माननीय जनताबाट निर्वाचित माननीयज्यूबाट हिजो उठान गरिएको कुरालाई हातमा कानुन लिएर बोले जस्तो पनि मलाई लाग्दैन ।

ऐन कानुनहरु पनि हातमा लिएर बोलेको जस्तो मलाई लाग्दैन, कसैलाई मन हानी गरेर बोलेको जस्तो पनि मलाई लाग्दैन । तर यही रोष्टमबाट बोलिरहँदा, एउटा माननीय बोलिरहँदा रुलिङ भएर त्यो रेकर्डबाट हटाउनु भनेको यो दुःखद् कुरा हो । यो कुन लोकतन्त्र हो ? यसको जवाफ चाहियो सभामुख महोदय । त्यसैले मैले थोरै मात्रै अहिले भर्खरै मात्र पनि मैले सुनें एउटा माननीय एउटा निर्वाचित जनप्रतिनिधि एउटा पार्टीबाट टिकट प्राप्त गरेको माननीय सांसद आज निलंवित भएको कुरा दुःखद् हो । अब समय पनि छैन मैले एउटो मुक्तक भनौं या या के भनौं ? यो रोष्टममा भएको बत्तीको कुरा । हे बत्ती हे हरियो बत्ती म नआउँदै तिमी बलिरहन्छौ । हे बत्ती हे हरियो बत्ती म नआउँदै तिमी बलिरहन्छौ । हे बत्ती आधाआधी नहुँदै हे पहेंलो बत्ती तिमी फेरि बल्छौं । हे बत्ती आधाआधी नहुँदै हे पहेंलो बत्ती तिमी फेरि बल्छौं ।

हे बत्ती हे बत्ती पूरा समय हुँदाहुदँै रातो बत्ती बल्छौं । पूरा समय हुँदा हुँदै रातो बत्ती किन बल्छौ ? हे बत्ती तिमीमा के नैतिकता छ ? सही गर्छु भन्दा भन्दै सूचना टाँसेर भाग्छौ । हे बत्ती हे बत्ती हे हरियो बत्ती म नआउँदै तिमी किन बलिरहन्छौं ? हे बत्ती । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री चिन्त बहादुर घलेले नाम कटाउन अनुरोध गर्नुभएकोले यसपछि माननीय सदस्य श्री दिपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय दीपक कोइराला**

माननीय सभामुख महोदय, हामी सदनको कार्यसूचीको हिसाबले विनियोजन विधेयक २०७८ को सिद्धान्त र प्राथमिकतामाथि छलफल गरिरहेका छौं । मलाई यस्तो लाग्दैन कि, सरकारमा नहुनुभएका सरकारको पार्टीमा नहुनुभएका सासंदहरुले मात्रै विनियोजन विधेयकमाथि छलफल गरिरहनुभएको छैन । सरकारको पक्षमा हुनुभएका सासंदहरुले विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा माथि छलफल गरिरहनु भएको छ । हामीले पूर्ववक्ता माननीयज्यूहरुको कुरालाई हेर्यौं । विनियोजन विधेयकमाथि हामी त छलफल गर्न चाहँदैनौं । चाहँन त हामी यो छलफल अगाडि बढाउन पनि चाहँदैनथ्यौं त्यसका विभिन्न कारणहरु छन् । तर अघिल्लो संसदमा सरकारका मन्त्रीहरुले नै सदन अवरुद्ध गरिसकेपछि भने हामीलाई यो सदनको गतिविधि विरोध गर्न अलि लाज लाग्यो । किनकि अब संसदमा सरकारको मन्त्रीहरुले नै उठेर संसद अवरुद्ध गरेपछि प्रतिपक्षमा रहेका सांसदहरुले त्यसो गर्नु कुरा पनि भएन, यसकारण हामी जवाफदेही, इमान्दार भएको कारण मात्र यो सदन अगाडि बढिरहेको छ, सभामुख महोदय ।

इमानदारीतापूर्वक संसदमा आफ्ना कुराहरु राख्न पाउनु पर्दछ, आफ्ना कुरा राख्नु पर्दछ । तर नियमावलीमा म त्यसको डिफेन्स गर्न उभिएको होइन त्यो कुरो सभामुख माननीयज्यूले आफैले गर्नु होला, गर्नुभएकै छ । त्यसो गर्नु होला गर्नुभएको पनि छ । तर यति गर्दागर्दै पनि ड्यासमा उभिएर सभामुखलाई तथानाम गाली गरेर भर्खर जानुभएको माननीयज्यू प्रति भने मलाई अलिकति दुःख लाग्यो । त्यति धेरै नगरौं कि यो सभाको मर्यादा कायम गरौं भनेर, सभाको शुरुमै पार्टीले उठेर, यसको विरोध जनाएर, त्यति धेरै कुरा गरेर सभाको मर्यादाको बारेमा त्यति धेरै व्याख्या गरेको पार्टीको सांसदले फेरी संसदमा यहाँ आएर त्यसरी तथानाम गाली गर्नु त्यति शोभनीय भएन कि भन्ने कुरा मात्र मैले राख्न खोजेको ।

माननीय सभामुख महोदय, म धेरैतिर जाँदिन, सिद्धान्त र प्राथमिकताको विषय त आज मेरो मात्र होइन, सरकारमा भएका माननीय सांसदहरुको पनि विषय छैन, त्यसकारण मेरो त त्यहाँ विषय हुने कुरै भएन । किनकि यो सरकारको वैधानिकता माथि प्रश्न उठाइरहेको पार्टीको एउटा क्याडरको हिसावले मैले त त्यो बारेमा बोल्ने कुरै भएन ।

स्वयं सरकारका माननीयज्यूहरुले नै बोल्नु भएको छैन मैले यहाँ एउटा कुरा राख्न चाहन्छु, यहाँ नैतिकताको कुरा उठेको छ, यहाँ इमान्दारिताको कुरा उठेको छ, यहाँ संविधानको कुरा उठेको छ, लोकतन्त्रको कुरा उठेको छ । लोकतन्त्रको हाम्रो संविधानको १६८ को धारा २(१) एकचोटी म पढ्न चाहन्छु र आज सम्मको विकसित घटनाक्रमलाई एकचोटी हामी सबैले सम्झिउँ मात्र भन्न चाहन्छु । २ उपधारा १ बमोजिम प्रदेश सभाका कुनै पनि दलको स्पष्ट वहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने २ वा २ भन्दा दल भनिएको छ माननीयज्यूहरु ।

यहाँ मान्छे भनिएको छैन, दल भनिएको छ । दल भन्दा बढी दलहरुको समर्थनमा वहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यले प्रदेश प्रमुखले मुख्य मुख्यमन्त्री नियुक्त गर्न सक्नेछ भनेर भनिसकेपछि र ४ वटा दलले लगेर दलको पत्र बुझाइसकेपछि मुख्यमन्त्रीमा प्रस्तावित माननीयज्यूलाई मुख्यमन्त्री यदि बनाइदैन भने त्यो प्रदेश प्रमुखको बारेमा डयासमा मात्र होइन, त्यो विषय विरोध गरेवापत अरु धेरै सजाय भोग्नु परे पनि बोल्न छोडिदैन किनकि लोकतन्त्रको निमित्त बोलिन्छ, प्रजातन्त्रका निमित्त बोलिन्छ, जनताको पक्षमा बोलिन्छ, राजनीतिलाई सही ट्र्याकमा नलगिकन, लोकतन्त्रलाई सही ट्र्याकमा नलगिकन, आज हामीले भनेका यी सिद्धान्त र प्राथमिकताले सही ठाउँ लिदैन । हामीले ३ वर्ष हेर्यौं । हामीले नीति, सिद्धान्त र प्राथमिकताको र बजेट र योजनाको बारेमा छलफल नगरेका होइनौं, तर दुई तिहाई सहितको सरकारले ३ वर्षसम्म के गर्न सक्यो भनेर हामीले हेरिरहेका छौं भनेपछि आज सत्ता पक्षमा बस्ने सांसदहरुले धेरै नै वकालत गर्नुभयो अल्पमत र वहुमतको, म अहिले पनि भन्न चाहन्छु । एकपटक टाउको गनेर हेरौं न त ।

सत्ता मन्त्रीज्यूहरुको पछाडि बस्ने सांसदको संख्या कति हो, अनि प्रतिपक्षमा बस्ने माननीयहरुको टाउको कति हो ? अनि सांसदहरुको संख्या कति हो ? के हो अल्पमत भन्या के हो लोकतन्त्र भन्या ? मैले गणित बुझिन कि म्याथमेटिकले मलाई बुझेन कि अलि अलमलमा परेको छु । त्यसकारण माननीयज्यूहरु यहाँ मनोदशाको पनि कुरा उठेको छ । हो, मनोदशा यस्तै मनोदशो छ यहाँ । जे भएपनि सत्तामा बस्नुपर्छ, जे गरेपनि मै हो, म बाहेक अरु सून्य हुन्, म बाहेक पृथ्वी घुम्दैन, लोकतन्त्र

पनि मै हो, गणतन्त्र पनि मै हो, वहुमत संख्या नपुगे पनि वहुमत मै हो, नैतिकता पनि मेरो मात्रै छ, इमान्दारिता मेरो मात्र छ । यी अरु सबै दुर्वलहरु हुन्, प्रजाहरु हुन् भन्ने मनोदशा यहाँ व्याप्त छ । त्यसकारण त गरिएको यो सबै ।

त्यसकारण आज वजेट भन्दा अगाडि, सिद्धान्त र प्राथमिकता भन्दा अगाडि विश्वासको मत लिनुपर्छ भन्दा धेरै जवाफ दिनुभयो, एकजना मन्त्रीज्यूले धेरै ठुलो जवाफ, धेरै ठुलो अहंकार पनि पैदा गर्नुभयो । म वहाँ मन्त्रीलाई भन्न चाहान्छु, धरातल भन्नुभएको छ मन्त्रीज्यू । तपाईं जुन धरातलबाट यो संसदमा आउनुभएको छ, एक्लै नेकपा एमाले बनेर प्रवेश गर्नुस् त्यो दिन कुरा गरौंला । तपाईं एक्लै यो सभामा आउनुभएको होइन । तपाईं एक्लै एमालेको क्याण्डिडेटको रुपमा त्यो क्षेत्रबाट निर्वाचन जितेर आउनुस् । च्यालेन्ज गर्छु म पनि ल । म पनि आउदैनथे होला । म यो पनि स्वीकार गर्छु । म आउँदैनथे । म आउँछु भनेर घमण्ड गरेको होइन । तर तपाईंले जे कुरा यहाँबाट चुनौती दिनुभएको छ । हामी हेरौंला । हामी पनि बाहिर कहीं जानेवाला छैनौ । चुनाव हुन्छ । चुनावमा सहभागी हुन्छौं । चुनावमा जाने हो नजाने भनेको होइन । तर आज जुन रुपामा तपाईंहरुले सबैभन्दा ठूलो दलको रुपमा अहंकार पैदा गरिरहनुभएको छ, हामी यो कुरा भन्न चाहान्छौं कि गएको निर्वाचनामा तपाईंहरुले एक्लै आज यो सदनभित्र ठुलो दल हुनुभएको होइन ।

हामी पनि आज जुन संख्यामा आएका छौं म त्यो भन्दै भन्दिन । आउँदैनथ्यौं। हामी आज १२ को संख्या हौंला, ११ को संख्यामा होला, ८ आउँथ्योहोला ७ आँउथ्यो होला, ५ आँउथ्यो होला । मान्यौ त्यो सब कुरा मान्छौं । तर तपाईंले आज जुन घमण्ड पैदा गर्नुभएको छ, त्यसमा केही न केही योगदान मेरो पार्टीको र मेरो पनि छ, भन्न मात्र चाहान्छु । हामी कसैले पनि घमण्ड नगरौं। आज सर्बदलीय सरकार बनाउने कुरा आएको छ । एकदम राम्रो कुरा हो । ढोरपाटनको अन्तर्वार्ताले सर्वदलीय सरकार बन्दैन माननीयज्यू । मुख्यमन्त्रीज्यूले पार्टीको नेताले कुन पार्टीको नेतालाई के को माध्यमबाट सर्वदलीय सरकार बनाउने प्रस्ताव गर्नभएको छ कसैले । गरेको छैन त । अन्तरवार्तामा आवेगमा आएर सर्वदलिय सरकार तयार छु भन्दैमा भन्दैमा सर्वदलिय सरकार बन्दैन नं १, अर्को सर्वदलीय सरकार

बनाऔं, सर्वदलीय सरकार बनाउने हो भने आज मुख्यमन्त्रीको लागि हामीले प्रस्ताव गरेको माननीय सदस्यसँग जुन मुख्यमन्त्री भइरहनुभएको छ वहाँको भन्दा ठूलो संख्या त छ नि त । संख्या ठुलो भएकासँग बनाउने हो यदि भने ठुलो भएकैसँग बनाऊ । उहाँलाई प्रस्तावित हामीले जे गरेका छौं उहाँलाई नै मुख्यमन्त्री बनाउन त के बिग्रेको छ त ल सर्वदलीय सरकार बनाउँ । हामी तयारै छौं तर छोड्न नछोड्ने, बनाउन भन्ने कुरा गरेर हुँदैन । त्यसकारण हामी आजको जे परिस्थिति छ, त्यो परिस्थितिलाई सामना गर्न सबै मिलेर जानु पर्छ भन्ने कुरा सही छ । तर म बाहेक हुदैन भन्ने कुरा गलत छ । यो मनोदशाबाट यो सदनलाई मुक्त गरौं र अगाडि बढौं । धन्यवाद । नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य श्री इन्द्रधारा डादु विष्टलाई छलफलमा भाग लिन समय दिन्छु,

**माननीय इन्द्रधारा डादु विष्ट**

सभामुखज्यू,आज हामी यो सदनमा अस्ति अर्थमन्त्री किरण गुरुङज्यू द्वारा प्रदेश सभा समक्ष प्रस्तुत गर्नुभएको विनियोजन विधेयक २०७८ को सिद्धान्त र प्राथमिकता माथि छलफल तथा सुझाव दिन म मेरो दलको तर्फबाट सहभागी भइरहेको छु । सर्वप्रथम त कोभिड—१९ को दोस्रो भेरियन्टका कारण धेरैले ज्यान गुमाउनु भएको छ, उहाँहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै ओम माने पेमे हुँ भन्न चाहन्छु । यो महामारीबाट अस्पतालहरु र घर—घरमा आइसोलेसनमा रहनु हुने सम्पूर्णमा स्वास्थ्य लाभको कामना गर्दछु । साथै यो महामारीमा अग्रपंक्तिमा खटिरहनु भएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, पत्रकार र जन प्रतिनिधिहरुमा हार्दिकताका साथ धन्यवाद भन्न चाहन्छु ।

सभामुखज्यू, यो विनियोजन विधेयक—२०७८ को सिद्धान्त र प्राथमिकता नेपालको संविधानले परिकल्पना गरेको लोक कल्याणकारी राज्य व्यवस्थाको अवधारणा, प्रदेशको आवधिक योजनाहरुलाई लक्ष्य र उद्देश्यमा दिगो विकास, समृद्ध प्रदेश, सुखी नागरिक बनाउने हामी सबैको साझा प्रतिवद्धता र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढ गर्न संघ स्थानीय सरकारहरुको बिचमा प्रदेश

सरकारको समन्वयकारी भूमिकालाई प्रभावकारी बनाउनको निम्ति र प्रदेशको विकास प्रदेशवासीको चाहानालाई प्रमुख प्रासि विम्वित गर्दै संविधानले तोकिएको समयमा गण्डकी प्रदेशको सरकारको अर्थमन्त्रीले यो विनियोजन विधेयक २०७८ विनियोजित हामी सबैलाई थाहा भएको हो । यो विषम परिस्थितिमा पनि अर्थमन्त्रीज्यूले ६४ बुँदे विनियोजित बजेट प्रभावकारी र सफल भएको महसुस हुन्छ किनभने पूर्व वक्ता माननीयज्यूहरुले सुझाव समेत दिने आँट सम्म पनि गर्नुभएन । त्यस अर्थमा अर्थमन्त्रीज्यू र टिमलाई यो सफल सिद्धान्त प्राथमिकताको विधेयक तयार पार्नुभएकोमा हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

सभामुखज्यू, लोकतन्त्रको मुख्य थलो भनेको संसद हौ त्यसैले यसको मर्यादा र गरिमालाई सम्मान गर्नु हामी सबैको दायित्व हुन्छ र म अनुरोध गर्छु । यो सदनको सम्मान र मर्यादा यो रोष्टममा बोल्ने माननीयको मात्र हुँदैन । यहाँ उपस्थित सबैको दायित्व हो । त्यसकारण सम्मान प्रासिको लागि सम्मान दिन समेत चुक्नु हुँदैन, सभामुखज्यू । थोरै राजनीतिक परिदृष्यलाई मध्य नजर गरी एउटा भनाईलाई जोड्न चाहैं, आगोको राप त जत्ति ठूलो भए पनि आगोमाथि पानी खन्याउनु पर्छ आगो तुरुन्तै निभ्छ तर आगोले सानो भाँडोको आड पायो भने पानीलाई उडाइदिन्छु भन्ने अहंकार भन्ने आगोलाई हुन्छ । पानीलाई उडाइदिन्छु भन्नु आगोको भ्रम मात्र हो । आज आगोले सानो भाँडोले आँट पाएको छ उम्लन केही फरक हुँदैन, पानी वाफ हुन्छ, त्यसै हराउँदैन । आगोलाई हेक्का होस् त्यो वाफ फेरी पानी, हिउँ वा असिना बनेर पानी त्यही आगोमाथि बर्सिन्छ । त्यसको लागि ख्याल राखुस् एमालेलाई देश र प्रदेशबासीले त्यसै ठूलो दल बनाएको छैन सभामुखज्यू ।

अन्तमा, माननीयज्यूहरुले लोकतन्त्र र संविधानको संरक्षणको निम्ति हामी दृष्टिकोण मिल्नेहरु एक ठाउँमा हुनुपर्छ भन्ने विषय धेरै पटक, पटक पटक भन्नुभयो खैर केही छैन । लोकतन्त्र र संविधान कार्यन्वयन र संरक्षण कुन दलले गर्छन् भनेर जनताहरुले हेरिराखेका छन्, सुनिरहेका छन्, त्यो भविष्यले पनि बताउनेछ । तर दृष्टिकोण मिल्नेहरु भन्नुको अर्थ सायद सहज गठवन्धनको कुरा गरेको हुनु पर्छ । मलाइ लाग्छ, सहजको एउटा भ्लनष्किज शब्द छ त्यो धेरै चर्चित शब्द हो ।

कम्फर्टेबल, अब पनि कुनै भ्रम छ र ।  तपाईंहरुको कम्फर्टटेबल इगो, झण्डा र कुर्चीको लागि मात्रै न हो । प्रदेशबासीको हितको लागि होस्, समृद्धि र संघीयताका लागि होस्, राष्ट्र र राष्ट्रियताको लागि होस् भन्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय भागवत प्रकास मल्लले नाम कटाउनुभएकोले वहाँलाई हटाइएको छ ।

माननीय सदस्य श्री दिपक थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय दिपक थापा**

सभामुख महोदयज्यू, आज म हलमा उपस्थित भएर जुन आठौं अधिवेशनको हाम्रा माननीय मन्त्री किरण गुरुङज्यूबाट विनियोजित बजेट—२०७८ सिद्धान्त र प्राथमिकताको विषयमा म  यहाँ उपस्थित भएको छु । त्यसैले मैले यही राख्ने क्रममा माननीयज्यूहरुले आफ्नो धारणाहरु र जुन विषयहरु राखिएको छ । मलाई के लाग्छ भने, जुन हिजो वामपन्थी गठवन्धन सरकारबाट केन्द्रदेखि करिव प्रदेशसम्म पनि करिव ६ वटा प्रदेशमा एउटा दुई तिहाईको सरकारको  हामी उपस्थित भएका छौं । जुन त्यो आधारमा उपस्थिति भएपछि जुन नेकपाकाका सरकार प्रमुखहरु यो देशलाई समृद्ध र सुखी नेपाली बनाउनको निम्ति निश्चित रुपले दीर्घकालीन मध्यकालीन र तत्कालै गर्नु पर्ने योजनाहरु, राष्ट्रिय महत्वपूर्ण योजनाहरु शान्ति सुशासन र गाँस, वास, कपास र जनशक्तिहरुको समायोजनले मात्र यो देशलाई अगाडि बढाउन सकिन्छ भन्ने खालको रणनीतिहरुमा आएका छौं । निश्चित रुपले कामहरु गरेर आउनेबेला योजनामा जुन कार्यान्वयन गर्ने बेलामा यो देशमा मैले यो पनि राख्न चाहन्छु ।

देशमा जुन जुन प्रदेशमा, जुन केन्द्रमा र सिंंगो यो गण्डकी प्रदेशमा जुन हामीले एउटा योजना बनायौं, वजेट निर्माण गर्यौं । यहाँका जुन कि विषयवस्तुहरु राख्यौं, यहाँका रणनितिक योजनाहरु भौतिक निर्माणहरु, सडकहरु, खानेपानी, १ धारा १ प्रदेश जुन कि मुख्यमन्त्री वातावरण यस्तै खालका योजनाहरु निश्चित रुपमा नेकपाको जुन हाम्रा सरकार प्रमुखबाट  कार्यान्वयनको निम्ति सफलतापूर्वक हामीले लोकतन्त्र संघीय समानुपातिक गणतन्त्र जुन उद्देश्यको लागि  हामी अगाडि बढिरहेका थियौं । त्यसको

कहीं न कहीं यहाँ बीचमा आएर अवरोध, जनताले, जुन यहाँ एउटा वलिदानबाट ल्याएका सिंगो सहिदको बलिदानबाट ल्याएका र आन्दोलनबाट आएका जुनकी २०७२ को संविधाभित्र यहाँ कही न कहीँ सरकारबाट यसको धावा बोल्न खोज्यो र झण्डै झण्डै ६ महिनाभित्र संसद विघटन हुन गयो ।

त्यसैले अहिले यो हलबाट म बोलिरहँदा यहाँका विकास निर्माणका कामहरु, शान्ति सुरक्षाका र योजनाका कामहरु भएन भनेर मैले भन्न खोजेको होइन । भएको छ, निश्चित रुपले भएको छ । मैले यहाँ बिरोध के मात्र गरेको हो भन्दा यहाँ संविधान भित्र जुन धावा बोल्यो संघीय लोकतन्त्रबाट ल्याएका उपलब्धि प्रति धावा बोल्यो यसको विरोध गरेको हो । त्यसैले आदरणीय जनसमुदायहरु, मैले के कुरा मात्र राख्न चाहें भने फेरी पनि यहाँ अहिले विश्वव्यापी कोभिड महामारीको संक्रमणमा छौं । यसबाट आज कि भोलि कुन यहाँ कुन कहाँ जाने हो भन्ने यहाँ छ । त्यसैले यो सरकारले केन्द्रदेखि स्थानीय तहसम्म, यहाँको व्यवस्थापन समितिले गरेन भन्ने कुरा होइन, यस सरकारले आफूले गरेको केही मात्र छ । हामी सही ढंगले परिचालन हुन नसक्नु, व्यवस्था गर्न नसक्नु रह्यो ।

यसको मुल कारण भनेको सत्ताको अबरोध हुनु, राजनीतिक रोग लाग्नु, राजनीति छिन्नभिन्न हुनु भएपछि हामी यहाँ राजनीतिको पक्ष प्रतिपक्षमा दोहोरी खेल्न खोज्यौं । त्यसकारणले अहिले कसले कसको सत्ता टिकाउने भन्दा अरु देखिन्न । अहिले २०७८ को योजनाको विनियोजनको प्राथमिकता र सिद्धान्तमा छ यसको छलफलमा नगइकन यो बैधानिक सरकार बनेर गयो भने यसलाई छलफल गराउने भन्ने अनुरोध गर्न चाहान्छु । यो वैधानिक तर्फबाट गयो भने, बाहिर गयो त्यसो नभनिदिनोस् सभामुखज्यू यो पनि अनुरोध गर्न चाहान्छु । यहाँ केन्द्रदेखि स्थानीय तहसम्म कोभिडको जुन सिसिएमसी जुन समिति छ, यसको लागि के कुरा राख्न चाहान्छु भने यसको लागि विरामीहरुलाई सरकारी हस्पिटलहरुमा हामीले विशेष सजिलो बनाएको छ, त्यहाँ निशुल्क उपचार भनेको छ । त्यस्तो उपचार गरिराखेको छ । उपचार सामाग्री र औषधिहरु एउटै रेटभाउ दरहरु कायम गरिएको छ त्यसमा हामीले कुनै कमेन्ट गरेको छैन । तर एउटा कुरा मात्र भन्न चाहान्छु कि यहाँ प्राइभेट सेक्टरमा

भएका हस्पिटलहरु वा निजी अस्पतालमा यति महंगो छ कसरी उपचार गर्ने ? यसमा झण्डै दश हजार देखि एक लाख एक दिनको खर्च हुन्छ । यसमा एकरुपता राख्नको निम्ति छलफल राख्नु हुन अनुरोध गर्दै पछि फेरी यो सिद्धान्त र प्राथमिकताको बारेमा सरकारको बहुमत आइसकेपछि एउटा वैधानिक सरकार बनेपछि छलफल गर्नको लागि अनुरोध गर्दै म यहाँबाट विदा हुन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री इन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु,

**माननीय इन्द्रलाल सापकोटा**

माननीय सभामुखज्यू, आज हामी यो गरिमामय सदनमा विनियोजन विधेयक २०७८ को सिद्धान्त र प्राथमिकतामाथि तीन दिनदेखि लगतातार छलफलमा छौं । धेरै माननीयज्यूहरुले यसको बारेमा धेरै नै मसिनो गरी चिरफार गर्नु भएको छ, मैले धेरै राख्नु पर्ने छैन । फेरी पनि यो बजेट विनियोजन विधयेकको सिद्धान्त र प्राथमिकताको छलफल गरिरहँदा यो कोभिड—१९ र यो महामारीको अत्यन्त कहाली लाग्दो परिस्थिति छ । सर्वप्रथम यो कोभिड—१९ का कारणले जीवन गुमाउनु हुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरु प्रति हार्दिक श्रद्धाञ्जी व्यक्त गर्न चाहन्छु । संक्रमित दाजुभाइ तथा दिदीबहिनीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । यो बजेटको सिद्धान्त र प्राथमिकता हेर्दा मैले यसमा धेरै टिप्पणी गर्नु पर्ने केही पनि देख्दिन । यो विगतको शृंखला र सेरिजमै आएको छ ।

यसले कोभिड—१९ लाई पहिलो प्राथमिकतामा राखेको छ, यसले भौतिक पूर्वाधारको सन्दर्भमा एक निर्वाचन क्षेत्र एक सडकको सन्दर्भ होस् या खानेपानीको या विगत संचालित योजनाहरुलाई प्राथमिकतामा राखेर निरन्तरता दिने कुरामा प्रतिवद्धता जाहेर गरेको छ । स्वास्थ्यको क्षेत्रमा, पर्यटनको क्षेत्रमा, पूर्वाधारको क्षेत्रमा र गण्डकी प्रदेशको समृद्धिको क्षेत्रमा यसले विगतको क्रमागत हिसावले नै आफूलाई सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेको छ । म अनुरोध गर्न चाहन्छु यही सिद्धान्त र प्राथमिकतामा राखेर प्राथमिकताको जगमा बजेट आओस् । फेरी पनि म एउटा कुरा सम्झन चाहन्छु, मैले धेरै पटक यो संसदमा सत्ता पक्षीय सांसद पक्षतर्फ बोल्न विवश भएको छु ।

बजेट न्यायोचित हुन सकेको छैरन । बजेट फेरी पनि टाउका हेरेर वितरण गर्ने स्थितिबाट मुक्त हुन सकेका छैनौं । मैले भर्खरै संघीय सरकारको बजेट हेरेको छु, अब प्रदेश सरकारको बजेट आउने क्रममा छ । मैले विनम्रताका साथ माननीय अर्थमन्त्रीज्यू, विभागीय मन्त्रीज्यूहरुलाई विनम्रताका साथ अनुरोध गर्न चाहन्छु ।

बजेटले जुन सिद्धान्त र प्राथमिकतामा भनेको छ दिगो विकास लक्ष्य, पञ्चवर्षिय योजना, ११ जिल्लाका वस्तुगत धरातलमा टेकेर आवश्यकताको जगमा बजेट आवस् म यही मानेमा हार्दिक शुमकामना दिन चाहन्छु, मन्त्रीज्यूलाई हार्दिक धन्यवाद पनि दिन चाहन्छु । तर यो ३ दिनको वहसलाई मध्यनजर गर्दा मलाई लाग्छ आज वास्तवमा जुन उमङ्गका साथ जुन उत्साहका साथ हामी यो बजेटको नीति कार्यको प्रतिक्षा गर्नु पर्ने ठाउँमा संसद गणितको जोड घटाउ भित्र रुपान्तरित भएको छ, शंका विश्वासको बिचबाट अगाडि बढेको छ । मलाई एउटा याद आउने गर्छ, २०४६ सालको राजनीतिक परिवर्तन पश्चात् २०६२÷०६३ को आन्दोलनसम्म आइपुग्दा प्रतिगामी राजतन्त्रको विरुद्धको लडाईंमा यो देशका प्रमुख जिम्मेवार राजनीतिक दलहरुलाई जनताले नपत्याएको सन्दर्भमा आदरणीय जनसमुदायहरु हामी विगत दोहोर्याउँदैनौं कसम खाएका थियौं, हाम्रा आदरणीय नेताहरु कसम खानुभएको थियो । लोकतन्त्रका निम्ति, संवृद्धिका निम्ति, रुपान्तरणका निम्ति र राष्ट्रिय संप्रभुत्ताको निम्ति हामी अब विगतका कमिकमजोरी सच्याएर साँचो अर्थमा हामी यो देशलाई बढाउँछौ भनेर हामीले कमिन्टमेन्ट गरेका थियौं ।

याद छ, २०५८÷०५९ सालतिर आइपुग्दा संसदमा निकै सुरा सुन्दरीका वहसहरु चलेका थिए, संसदमा खरिद विक्रीका वहसहरु चलेका थिए । यी सबै चिजलाई च्याप्दै हामी दुई दुई पटक संविधान सभा मार्फत संविधान बनाएर अब यो मुलुकमा लोकतन्त्रलाई बलियो बनाउँछौ । राष्ट्रिय सार्वभौमिकतालाई बलियो बनाउँछौं। हामी यो मुलुकलाई समृद्धिको दिशा तिर लान्छौं र एउटा विकसित राष्ट्रको रुपमा अगाडि बढाउँदै भनेर एउटा कमिटमेन्ट गर्यौं । आज विडम्वनाका साथ भन्नुपर्छ, हामी पार्टीहरु पार्टी व्यवस्थापन गर्न सकिरहेका छैनौं । अहिले भर्खरै एकजना संसदको पद निलम्वन भएको छ । आज नेकपा एमाले आफैं संकटमा छ, नेकपा

विभाजित भइसकेको सन्दर्भ छ, दलहरु आपसमा चाहे जसपा हेरौं, यो घटनाले हामीलाई कहाँ पुर्याउँछ ? फेरी एक पटक मलाई लाग्छ, गणितको झिनो यो गण्डकी प्रदेश भित्रको गणितलाई हेर्दा म फेरी पनि भन्न चाहन्छु, माननीय मुख्यमन्त्रीज्यूले ढोरपाटनको पत्रिकामा भन्नुभयो होइन, यो गण्डकी प्रदेशलाई ५ वर्ष आवधिक निर्वाचनमा जुन जनताले म्यान्डेट दिएका छन् यो अर्थमा हामी जाने हो भने एकचोटी साँचै सार्थक संवादको जरुरी छ ।

मलाई लाग्छ, यो क्षणिक जोड घटाउमा संख्या १, २ तलमाथि होला तर सरकारको टिकाउको सम्भावना म देब्रे बेन्चतिर हेर्ने साथीहरुमा पनि देख्दिन र फेरी पनि सत्ता टिकाउनका निम्ति सत्तापक्षीय हिसावले हामीले केही बेथितिहरु गर्नु पनि हुँदैन । मलाई लाग्छ हामी लोकतान्त्रिक मूल्य मान्यताको जगमा संविधानले निर्दिष्ट गरेका आधारभूत मूल्य, मान्यताको जगमा त्यो कसीमा हामीले रुपान्तरण गर्नु पर्छ । आज कता कता डर लागिरहेको छ । त्यो संविधान प्रतिको वनरसिप कसले लिने हो ? तपाईं हामी सबै यो संविधान बनाएका निर्माताहरु छौं, तर यो संविधानको वनरसिप, यो संविधानले निदृष्ट गरेका विशेषताको वनरसिपलाई कसले लिने हो ? वहुत ठूलो चुनौती खडा भएको छ त्यसकारण मलाई लाग्छ यो मञ्चलाई गलीगलौजको मन्चको रुपमा रुपान्तरण गर्न चाहन्न, आरोप प्रत्यारोप मन्चको रुपमा रुपान्तरण गर्न चाहन्न ।

म फेरी पनि हार्दिकताका साथ भन्न चाहन्छु, हामी एक पटक सबै राजनैतिक दलहरु आफ्नो धर्तीमा टेकेर सोचौं, ०६२—०६३ देखि ०४६ साल सम्मको बेथितिलाई एकचोटी सम्झिउँ, हामीले साँच्चै हामीले मुलुकलाई समृद्धिको दिशातिर लैजान चाहेको हो ? साँच्चै रुपान्तरण गर्न चाहेको हो ? के साँच्चै दक्षिण र उत्तर तिरबाट अननेसेरी ढंगले मुलुकमा हस्तक्षेपलाई हामीले रोक्न चाहेको हो र साँच्चै नेपाली स्वाभिमानका साथ बाँच्न चाहेको हो भने पटक पटक संविधान वदल्ने कुरा मात्र समाधान हुन सक्दैन, पटक पटक हामी आफ्नो आंग आफैं कोर्ने कुरा, आफूले आफैलाई चिथोर्ने कुरा मलाई लाग्छ यो शोभनीय हुन सक्दैन । त्यसकारण मलाई लाग्छ जनताले हामीलाई वहुत नजिकबाट हेरिरहेका छन्, वहुत नजिकबाट नियाँलिरहेका छन्, त्यसकारण मलाई लाग्छ आवेगमा होइन, उत्तेजनामा होइन, इगोमा

होइन, एकचोटी फेरी पनि गण्डकी प्रदेशलाई संहाल्ने हिसावले सत्ता पक्ष र प्रतिपक्ष बेन्च रहने साथीहरुको बिचमा सार्थक संवादको निम्ति म हार्दिक अपिल गर्न चाहन्छु। बजेट आउन अभैm केही दिन मात्र बाँकी छ । हामी बहुमत र अल्पमतको खेलभित्र छौं, संसद निलम्वन, राख्ने खोस्ने खेलभित्र छौं । मलाई त डर लाग्न थालेको छ, हामी जनताबाट निर्वाचित सांसद फेरी कुनै दुलोभित्र पस्नु पर्ने, फेरि ठूलो अनिश्चयको चक्करभित्र फस्नु पर्ने व्यथितितिर जान नपरोस् यही कुरा म राख्दै अन्तमा एउटा मात्रै सुझाव दिन चाहन्छु, गत वर्ष बाढीले धेरै क्षेति गर्यो । वाग्लुङ र म्याग्दी यो प्रदेशका विपद्ग्रस्त जिल्ला भित्र परे, हामीले एउटा घर बनाउन सकेनौं ।

सभामुख महोदय, जनता आवास कार्यक्रम हामी कार्यान्वयन गरिरहेका छौं । धेरै निर्वाचित सांसदहरु त्यसको संयोजक छौँ, घर बनाएको पैसा दिन सकिरहेका छैनौं। हामीले थुप्रै योजनाको चाङ बनायौं, योजनाको चाङ भन्दा योजनामा धेरै पैसा राख्ने कुरामा ध्यान दिउँ भन्ने कुरा राख्दै मेरा भनाई यही अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री हरिशरण आचार्य लाई छलफलमा भाग लिन समय दिन्छु,

**माननीय हरिशरण आचार्य**

माननीय सभामुखज्यू, आज यो संसदमा, यो गरिमामय सदनमा उभिएर बोल्दै गर्दा, नखाऊ दिनभरिको शिकार खाऊँ कान्छाबाबुको अनुहार भनेजस्तो यो अनुभूति भइरहेको छ । आएको छ सरकारको विनियोजन विधेयकको नाममा, सरकार बनिराखेको छ, सत्ता संहालिरहेको छ । त्यो वैधानिक छ कि, त्यो अवैधानिक छ कि, त्यो ठिक छ कि, त्यो वेठिकछ कि, त्यो झ्यालबाट छिर्यो कि त्यो ढोकाबाट छिर्यो कि कताबाट गयो। कताबाट म्याउ गरिराखेको छ, थाहा छैन । तर आज हामीलाई नेपाली जनताले अर्थात् यस प्रदेशको जनताले यो विकासको बजेट यो ठाउँमा यो काम हुनु पर्यो, जनता भोकभोकै मरिराखेको छ, विरामी मान्छे अक्सिजन नपाएर मरिराखेको छ, हरेक ठाउँमा यस्ता घटनाक्रमहरु बनिराखेका छन्। तर आज हामी त्यो ठाउँमा हामी चिन्ताका साथ पुग्न सकिरहेका छैनौं । तर आज कुर्ची कसरी बचाउने ।

मेरो कुर्ची कतिबेला ढल्छ, मैले कसरी बचाउने भन्ने मात्र, यो भन्दा बाहेक फरक के भएको छ अनि हामीले के सुझाव र के सल्लाह दिने ? त्यसैले म अनुरोध गर्न चाहन्छु हामी सुझाव र सल्लाहको खाता पल्टाउने ठाउँमा होइन र हामी कुर्चीलाई अझ दरो सँग अढ्याउने ठाउँमा हैन, हामी जनताको भावनालाई, विरामी परेका जनतालाई उपचार गर्नको लागि आज हामी सबै सांसद त्यो ठाउँमा हुने पर्ने ठाउँमा तर आज हामी जनताको भावना भन्दा विपरित, जनताले दिएको अधिकारको विपरित आज हामी कुर्चीमा टाँसिइराख्ने अनि जनाताको भावना विपरित आफ्ना भावना मात्रै यो संसद के एउटा दलको मात्रै हो ? यो सबै दलका सबै माननीयहरु एकैसाथ एक रुपताका साथ अगाडि बढ्ने साझा थलो होइन ? अनि आज यसलाई लत्याएर एउटा दलले आफ्ना भावनाका साथ ल्याउँछ भने त्यो सम्पूर्ण प्रदेशवासी जनताको कसरी हुन सकछ अनि हामीले के भनेर त्यसको जवाफ दिने, के भनेर सल्लाह दिने ? अनि हामी त्यतातिर कसरी फर्कने ? त्यसैले माननीय सभामुखज्यू, मैले अनुरोध गर्न चाहान्छु, आज यो विषयवस्तु सामान्य होइन ।

आज, वामपन्थी सरकार झण्डै दुई तिहाइ बनाएको सरकार अनि हामीले त सायद हामी त्यो संसदबाट त्यो सरकारपट्टि आँखा लागउने पनि हैसियत राख्दैनथ्यौं । तर आज आँखा लगाउने परिस्थिति कसले बनाईदियो ? तपाईंहरु आफै वामपन्थी भनेर झण्डा बोक्ने अनि अयोध्यामा राममन्दिर बनाएर रामपन्थी बन्ने अनि त्यसपछाडि जनताले तपाईंहरुलाई विश्वास गरेर जाने नैतिकता छ? त्यो ठाउँ बाँकी राख्नु भएको छ ? छ भने भन्नुहोला । होइन भने फेरी त्यही जनतालाई कुन मुखले जवाफ दिन यो विनियोजन विधेयक ल्याउँदै हुनुहुन्छ ? म अनुरोध गर्न चाहान्छु, आज हामी यो पनि चाहिराखेका छौं कि आज गण्डकी प्रदेशको सरकार एकातिर बसेर सांसद तानेर कहाँ निर कति अंक थप्न सकिन्छ, १ कि २ कि ३ अंक थप्न सकिन्छ भनेर कसरी अंकगणितमा आफूलाई बलियो बनाउन सकिन्छ ? खोजिराखेको छ । अनि अर्को तिर लोकतन्त्रको हूर्मत गरेर हिजो संघीय संसदलाई विघटन गरेर, अनि फेरी त्यही चिल बोकेर यो ठाउँमा बोकेर आउँदाखेरी स्यावास भन्नुपर्ने ? कहाँको कुन राजनैतिक नैतिकतामा लेखिएको छ । कहाँनिर कुन संविधानको पानामा लेखिएको छ ? कि हामी गलत प्रवृत्तिलाई सही प्रवृत्ति भनेर भन्नु पर्ने ?

त्यसकारण हामी राजनैतकि नैतिकताका साथ अगाडि बढेका छौं । इमान्दारीका साथ अगाडि बढेका छौं । त्यसैले म यहाँ राख्न चाहन्छु, आज यतिबेला यो सरकार अवैधानिक छ, यो सरकार अल्पमतमा छ, अवैधानिक छ, अल्पमतको सरकारले फेरी म बलियो छु, भनेर घमण्ड गर्नु, अहंकार देखाउनु त्यो भन्दा लाजमर्दो अरु केही हुन सक्दैन । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, हामीले यतिखेर यो सरकारलाई हाँक्नका निम्ति त्यो खालको म्यान्डेट पाइसकेको अवस्था छैन । मैल अस्ति पनि भनिसकेको छु यो सरकार अल्पमतको सरकार हो । त्यसकारणले सर्वप्रथम विश्वासको मत लिएर आफूले गर्ने नियमित कार्य तर्फ अगाडि बढ्नका निमित्त मैले हार्दिक अनुरोध गरेको थिएँ तर त्यसो नभईकन यो कार्यक्रम आइरहेको छ । यो सिद्धान्त र प्राथमिकता आइरहेको छ, त्यो सिद्धान्त र प्राथमिकताको अन्तरवस्तुमा गएर आफ्नो सुझाव दिने यो परिस्थिति हो जस्तो मलाई लागेको छैन । तसर्थ यो विधेयकको अन्तरवस्तु भित्र बसेर छलफल गर्नु र आफ्नो सुझाव दिने यो परिस्थिति हो जस्तो मलाई लाग्दैन । तसर्थ यो विधेयक अन्तरवस्तुभित्र प्रवेश गरी छलफल गर्नु परिस्थिति अनुकुल छैन, यथार्थत सरकार अल्पमतको हो । यसले समग्र प्रदेशको उन्नतिका निमित्त कार्य योजना बनाएर अगाडि बढ्ने यसले म्यान्डेट संसदबाट पाएको छैन । तसर्थ, छलफल र सुझावको कुनै औचित्यता छैन भन्नु नै मुख्य सार हो । सरकार आफ्नै भविष्यको ग्यारेण्टी छैन, उसले सम्पूर्ण प्रदेशवासीहरुको भाविष्यको सुनिश्चित गर्छु भन्नु कत्तिको युक्तिसंगत छ विचारणीय रहोस् । तसर्थ, सर्वप्रथम आफूलाई संसदप्रति विश्वासनीय छु, भरपर्दो हुँ, भन्ने कुराको प्रमाणित गर्न लालमोहरका साथ गर्वका साथ लाग्न आह्वान व्यक्त गर्न चाहन्छु।

माननीय सभामुख महोदय, एकातिर संसद अधिवेशनको महायज्ञ लगाएर सरकारको अभिभावकत्व गरिरहनु भएको माननीय मुख्यमन्त्रीज्यू आफै पनि संसद सत्ता

बचाउको अंकगणितको खेलमा खेलिरहनु भएको छ भन्ने प्रष्ट रुपमा आइरहेको छ । यो वा त्यो वहानामा सरकारको आयु बढाउने, नकारात्मक भावना सिर्जना गरेर सत्ताको रोटी सेक्दै हुनुहुन्छ, यो विषय गम्भिर प्रकारको छ ।

संसद वैठकको आह्वान गर्ने, संसदप्रति गैर जिम्मेवार बन्ने तर विभिन्न प्रकारका कार्यक्रमहरुको उद्घाटन गर्ने, रिवन काट्ने, भिड जम्मा गर्दै संसद विघटनको हवला दिँदै हिँड्ने, अध्यादेशबाट बजेट ल्याउने, धम्की दिने कार्य आफैमा खेदजनक विषयहरु हुन्। सरकारका विषयमा संसदमा यति धेरै कुराहरु उठ्छन् यसप्रति वेखवर बन्ने, कोभिडको हवला दिँदै संसद वैठक छल्नु कत्तिको जिम्मेवारी अभिभावकत्व निर्वाह गरेको हो ? मैले बुझ्न सकिरहेको छैन ।

सभामुख महोदय, मैले परिस्थितिजन्य विषयको गाम्भिर्यतालाई माननीय सभामुखले बुझ्नुहुन्छ भन्ने अपेक्षा लिएको छु र त्यसलाई बुझिदिनुका निमित्त अनुरोध गर्दै हाम्रो पार्टीको सांसदहरुको विरुद्धमा विभिन्न प्रकार भ्रमहरु सृजना भएको छ । यसले हाम्रो पार्टीलाई एक प्रकारले वास्तवमा हाम्रो पार्टी राष्ट्रिय जनमोर्चा स्वतन्त्र पार्टी हो भन्ने कुराको हेक्का राख्न जरुरी छ जस्तो लाग्छ मलाई । किनभने सरकार पक्ष नै राष्ट्रिय जनमोर्चाको सांसदले यो गर्छ ,त्यो गर्छ भनेर हिँड्ने म्यान्डेट कहाँबाट पाउनु भयो ।

यो गर्छ, त्यो गर्छ भन्दै आफ्नो सत्ताको रोटी सेक्ने ? यो कत्तिको न्यायोचित कुरा हो ? त्यसकारणले गर्दा जनमोर्चाका सांसदलाई देखाएर, जनमोर्चाका सांसदलाई त्यो खालको यो वा त्यो खालको भ्रम सृजना गरेर आफ्नो सत्ता बचाउने खेलमा हुनुहुन्छ भने खबरदार । यस्तो प्रकारको गतिविधि हामीले सहँदैनौं । किनभने जनमोर्चाको आफ्नै स्पष्ट नीति छ, सरकारबारे जनमोर्चाको आफ्नै प्रकारको स्पष्ट नीति छ कि प्रतिगमन विरुद्धको संघर्ष । यो स्पष्ट नीति छ । यो स्पष्ट नीति हुँदाहुँदै हामी इमान र जमानमा चलेको े पार्टी हो । त्यकारणले कसैले यसमा वेइमान गर्छ भने त्यो राष्ट्रिय जनमोर्चाको कार्यकर्ता होइन भन्ने कुराको प्रमाणित भइसकेको छ ।

त्यसकारणले यो विषयमा आफ्नो सत्ता टिकाउनका निमित्त जनमोर्चाका सांसदमाथि त्यो बन्दुक ठड्याएर आफ्नो सत्ता जोगाउने प्रयास गर्दै हुनुहुन्छ त्यो निर्किष्ट प्रयास हो त्यसकारण यस्ता प्रयासहरु नगर्नाका निम्ति मैले हार्दिक अनुरोध गर्दै मैले

भनिसकेको छु कि यो विधेयक सरकारले बजेट बनाउने म्यान्डेट पाइसकेको छैन यो नीति तथा सिद्धान्त र प्राथमिकता ल्याउनका लागि यो सरकार योग्य छैन त्यसकारण योग्यताको प्रमाणपत्र ल्याउनका लागि म अनुरोध गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री हरिबहादुर चुमानलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय हरिबहादुर चुमान**

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सभाको यो आठौं अधिवेशनमा २०७८ को विनियोजन विधेयकको सन्दर्भमा आएको यो प्रि बजेट अर्थात बजेटको सिद्धान्त तथा प्राथमिकताको बारेमा हामीले यो सदनलाई अगाडि बढाइरहेको छौ । यस बारेमा हामी छलफल गरिरहेका छौं । यस बारेमा पूर्ववक्ता माननीयज्यूहरुले धेरै कुरा राखिसक्नुभएको छ । यस विषयमा केही चर्चा म पछि नै गर्नेछु । तर शुरुमा मुख्य त यो विश्वाव्यापी कोभिड—१९ का महामारीमा हाम्रो देश पनि संकटग्रस्त भएको छ । लाउँलाउँ खाउँखाउँ भन्ने बेलाका थुप्रै युवाहरुले जीवन गुमाउन पुग्नु भएको छ । यसकारणले म सर्वप्रथम, कोभिड—१९ को यो महाव्याधीका कारण जीवन गुमाउनु हुने तमाम बुवा—आमा, दाजुभाइ, दिदीबहिनीहरु प्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु।

संक्रमित भएर होम आइसोलेसनमा उपचारार्थ गराईरहनु हुनेहरुमा शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । कोभिड संक्रमितहरुको उपचारमा अहोरात्र खटिनुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी प्रति म हादिक सम्मान व्यक्त गर्न चाहान्छु, धन्यवाद व्यक्त गर्दछु, धन्यवाद व्यक्त गर्न चाहन्छु । अस्ति पनि यहाँ कुरा उठे, यो गण्डकी अस्पतालमा ६ जना व्यक्तिले ज्यान गुमाउनु भएको कुरा यहाँ प्रस्तुत भइसकेको छ । अहिले त हामीले ६ जना अक्सिजनको अभावमा मृत्यु भएको सुन्यौं, कुन दिन हो अब कुन दिनमा हो निकै ठूलो संख्यामा गण्डकी हस्पिटलमा मात्र होइन पोखरामा धेरैले जीवन गुमाएको सुन्नु पर्नेछ । त्यहाँ गएर मैले बुझ्दा त्यो दिन पटक पटक विद्युत गएको कारणले अक्सिजन अभाव भएको कुरा त्यहाँको प्राविधिकहरुले स्वीकार्नुभयो ।

उहाँहरुले भन्नुभयो यो ट्रान्सफर्मर पड्कियो भने तुरुन्तै ट्रान्सफर्मर उपलब्ध भयो भने पनि डेड घन्टा लाग्छ फिट गर्न । यो अक्सिजनको यो जुन मेसिन छ त्यसको पार्टपुर्जा फेल भयो भने चौविसै घन्टा चलिरहेको छ, त्यो फेल भयो भने कम्तिमा आधा घण्टा लाग्छ त्यसलाई फिट गर्न । भने यसकारण मैले भनिरहेको छु, वैकल्पिक व्यवस्था नहुने हो भने कुन दिन ६ जना होइन सयौंजनाको अक्सिजनको अभावमा मृत्यु भयो सुनिनेछ । त्यसकारण यसप्रति संघ सरकार प्रदेश सरकार गम्भीर हुनको निम्ति म आग्रह गर्न चाहन्छु । साथै यो धेरै पटक उठिराखेको कुरा हो, म आज पनि म उठाउन चाहन्छु कि, यो परीक्षणको दायरा बढाउन जरुरी छ, खोपको शिघ्र व्यवस्थापन गर्न जरुरी छ  र यसमा पनि अब म धेरै चर्चा गर्न लाग्दिन किनभने सर्वसाधारणले उपचार गर्न सकेका छैनन् ।

त्यसैले निःशुल्क र सर्वशुलभ स्वास्थ्य सेवा उपलव्ध गराउन म जोड गर्न चाहन्छु, आग्रह गर्न चाहान्छु । यति भनेर म अलिकति संघ सरकारतिरै फर्किन चाहें, म प्रदेश सरकार तिर फर्किन चाहिन किन नखोजेको हो भन्दाखेरी यो संघ सरकारले जे गरेको छ प्रदेश सरकारले त्यही गर्दैछ । यो भन्दा केही भिन्न भएको भए केही सुझाव दिनुहुन्थ्यो । त्यसकारण मैले संघ सरकारतर्फ फर्किन चाहें । यो संघ सरकारलाई यो जुन खालको बजेट अध्यादेशको बाटो भएर ल्याउनु भयो त्यो अधिकार थिएन, किन भन्दाखेरी उहाँहरु आफ्नै प्रतिवद्धता प्रति पनि इमान्दार हुनुभएको छैन । आफ्नै घोषणा प्रति इमान्दर हुनुभा छैन । यो चुनावी  सरकार हो, उहाँहरुको  घोषणा अनुसार यो चुनावी सरकार, चुनावी सरकार ६ महिनाको निम्ति, त्यो ६ महिनापछि अर्को सरकार  आउँछ । अनि आउने सरकारले अहिले सरकारले बनाइदिएको वजेटलाई मान्छ ? यो नैतिकताको प्रश्न हो कि होइन । यो त अब गरिनै सक्याछ । गर्न त गर्यो नैतिकताको त सवाल भएन तर पनि यति गर्दा गर्दै के गर्नुपर्थ्यो भने कम्तिमा कम्युनिष्टको इज्जत  बच्थ्यो भन्ने सन्दर्भमा मलाइ के लागेको छ भन्दा कम्तीमा पनि विपन्न गरिब तथा मजदुर वर्गका जनताको राहत उद्धार र वेरोजगार भत्ताको प्याकेज मात्रै घोषणा गर्दिन सकेको भए भए पनि कम्युनिष्ट नभए पनि हिङ नभए पछि हिङ भएको टालो त रहेछ है भन्ने लाग्यो यो संघ सरकारतिर फर्केर भनेको हो है ।

अर्को कुरा पनि सँगसँगै महंगी, हामी सबैले अनुभूत गरिरहेको कुरा हो । महंगी वर्षैपिच्छे बढिरहेको हुन्छ, जुन दिन तलव बढिरहेको हुन्छ महंगी आकाशिन्छ । तर महंगी नियन्त्रणको एउटा विश्वसनीय संयन्त्र अहिलेसम्मे छैन, भएपनि सिडियोको अध्यक्षतामा भएपनि त्यो प्रचारमुखी छ, परिणाममुखी छैन । त्यसकारण मंहगी नियन्त्रण सम्बन्धी संयन्त्र नबनाइकन यो तलव वृद्धि, के वृद्धि कुनै अर्थ देखिराखेको छैन । त्यसकारण यतातिर हिजो पनि कसैको ध्यान पुगेको थिएन अब ध्यान पुग्नु पर्छ। भोलि जसले सरकार बनाए पनि त्यो ध्यान पुग्नुपर्छ भन्ेन सन्दर्भमा मैले यति कुरा राखेको हुँ । यो एउटा खुशीको कुरा नेपाल कम्युनिष्ट पार्टीको घोषणा पत्र अनुसार ५ वर्षमा ५ हजार वृद्ध भत्ता पुर्याउने थियो त्यो प्रतिवद्धता जनाएको देखियो । त्यसको निम्ति त म धन्यवाद दिन चाहान्छु । तर पनि कुरा के रह्यो भने महंगीको सापेक्षातामा त्यो परार भनेको थियो महंगीको सापेक्षतामा बढ्यो कि बढेन भन्ने कुरा मुख्य हुन्छ ।

यसर्थ, यो महंगीको सापेक्षतामा त्यो बढेको छैन । त्यसकारणले हिजो हामीले जुन भनेका थियौं त्यो अंकको प्रतिवद्धताले हुँदैन, महंगीको सापेक्षतामा त्यो बढ्नु पर्छ भन्ने कुरामा पनि म विशेष आग्रह गर्न चाहन्छु । अर्थात यो सरकार वा अन्य कुनै सरकारले पनि त्यसमा ध्यान दिनु पर्छ भन्ने आग्रह गर्न चाहान्छु । अन्तिममा यो सरकारले पनि संघ सरकारकै बाटो अपनाएको छ । गलत बाटोबाट बजेट पस्किन खोजिराखेको छ त्यो अधिकार छैन अब त्यो अधिकार सम्पन्न भएर आउन र आगामी दिनमा त्यही छलफल गर्नेछु भन्दै म आफ्नो भनाई यहीं टुंग्याउछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब आर्थिक वर्ष ०७८÷०७९ को बजेट तयारीका लागि विनियोजन विधेयक २०७८ का सिद्धान्त र प्राथमिकतामाथि छलफलको क्रममा माननीय सदस्यहरुले उठाउनुभएका जिज्ञासाहरुको सम्बन्धमा माननीय अर्थ, भूमि व्यवस्था कृषि सहकारी तथा गरीवि निवारण मन्त्री श्री किरण गुरुङज्यूलाई संवोधन गर्न समय दिन्छु।

**माननीय मन्त्री किरण गुरुङ**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सभाको यस गरिमामय सदनमा विनियोजन विधेयक २०७८ का सिद्धान्त र प्राथमिकता सम्बन्धमा छलफल गरेर रचनात्मक सुझाव प्रदान गर्नु हुने सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । छलफलका क्रममा माननीय सदस्यहरुले प्रदान गर्नुभएका सुझावहरुलाई मनन गर्दै आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सम्बन्धमा यथाशक्य समेट्ने व्यहोरा अवगत गराउँदै यस सम्बन्धमा माननीय सदस्यहरुले उठान गर्नुभएका केही सवाल र जिज्ञासाका सन्दर्भमा थप स्पष्ट पार्न चाहन्छु ।

माननीय सभामुख महोदय, सन् २०१९ को अन्त्यतिरबाट छिमेकी राष्ट्र चीनको राष्ट्र वुहान शहरमा शुरु भई देखा परेको यो छोटो समयमै विश्वव्यापी महामारीको रुपमा भएको कोभिड—१९ बाट नेपाल पनि प्रभावित हुन पुग्यो, यहाँहरु सबैलाई अवगतै छ । यस्तो नयाँ प्रकारको भाईरस महामारीको उपचार रोकथाम र नियन्त्रण विश्वमा नै खोप तथा औषधी व्यवस्था नभइसकेको अवस्थामा उपचार र स्वास्थ्यकर्मी लगायत स्वास्थ्य पूर्वाधाहरुको पर्याप्त व्यवस्था भइसकेको थिएन । प्रदेशका जिल्ला अस्पतालहरुबाट दैनिक रुपमा सामान्य स्वास्थ्य सेवा मात्रै प्रभाव भइरहेको तर विशिष्टकृत सेवाको लागि न्यूनतम पूर्वाधार पनि नरहेको अवस्था थियो । स्वास्थ्यका न्यून पूर्वाधार साथै सीमित स्रोत र साधनको उपलव्धताको बावजुद पनि कोभिड—१९ को उपचार, नियन्त्रण र रोकथामलाई उच्च प्राथमिकतामा राखी गण्डकी प्रदेश सरकारले छोटै समयमा गरेका प्रयासहरुलाई देहाए बमोजिम प्रस्तुत गर्न चाहन्छु । किनकि धेरै माननीय सदस्यहरुले राख्नुभएको जिज्ञासाहरुको लागि मैले थप कुराहरु प्रष्ट पार्न गईरहेको छु ।

१. पोखरा महानगरपालिका वडा नम्बर ३० को मोहोरीयामा कोभिड विशेष संक्रामक तथा सरुवा रोग अस्पताल स्थापना गरी संचालनमा ल्याइएको छ । यहाँहरु सबैलाई थाहै छ । सो अस्पतालमा १०० शैया संचालन गर्न स्वीकृति लिईसकेको र हाल ६० शैया संचालनमा आइसकेको छ । साथै नवलपुरको रजहर स्थित प्राकृतिक चिकित्सालयलाई कोभिड विशेष अस्पतालको रुपमा संचालन गर्न सहयोग गरिएको छ। संघीय सरकारको मातहत रहेको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई कोभिड उपचारमा

केन्द्रित गराउने गरी सहयोग उपलव्ध गराइएको कुरा पनि यहाँलाई जानकारी गराउन चाहन्छु । प्रदेश सरकारको मातहतबाट अस्पताल मतहत स्तर वृद्धि गरी ३२५ शैयाबाट हाल ७६० शैया पुर्याइएको छ । प्रदेशमा हालसम्म १२ वटा सरकारी र १५ वटा नीजि गरी जम्मा २७ वटा अस्पतालका ५०६ शैयामा कोभिड केयर युनिट संचालन र व्यवस्थापन गर्नका लागि पनि सम्झौता भएको छ । २०७८ जेठ १८ सम्म प्रदेशमा १ लाख ९८ हजार १ सय २७ जनामा परीक्षण गरिएकोमा ४३ हजार ८ सय ३५ जनामा संक्रमित देखिएको, ३३ हजार २ सय ५१ जना निको भएका, ९ हजार ८ सय ७७ जना सकृय संक्रमित रहेका र ७०७ जनाले मृत्युवरण गरेको छ ।

प्रदेशका सबै स्थानीय तहहरुमा कोभिडको उपचार, नियन्त्रण, रोकथाममा सहयोग पुर्याउन प्रदेश कोरोना संकट व्यवस्थापन समिति पिसिसिएमसीको २०७८ बैशाख २७ को निर्णय अनुसार कम्तिमा रु. ५ लाखका दरले बजेट उपलव्ध गराइएको जानकारी पनि म गराउन चाहन्छु । नवलपुर मध्य विन्दु, वाग्लुङ र पोखराका ३ स्थानमा गरी जम्मा ५ वटा प्रयोगशालाबाट पिसिआर जाँचको सेवा विस्तार गरिएको छ । विगतका केही हप्तामा पिसिआर रिपोर्ट प्राप्त हुन समय लागेको भन्ने गुनासो आएकोमा हाल प्रयोगशालाहरुको संख्या र क्षमता वृद्धि गरी २४ घण्टाभित्रै रिपोर्ट दिने व्यवस्था गरिएको पनि म जानकारी गराउन चाहन्छु ।

प्रदेशभित्रका १२ वटा अस्पतालहरुमा अक्सिजन प्लाण्ट भ्ःच् सिस्टम जडान क्ष्ऋग् वेडसहितको सेवा उपलव्ध गराइएको छ । प्रत्येक अस्पतालमा ज्म्ग् सेवा उपलव्ध गराउन बजेट व्यवस्था गरिएको छ । प्रदेशका १० वटा जिल्ला अस्पतालहरुमा अक्सिजन प्लान्ट स्थापना गरी उक्त अस्पतालहरुबाट दैनिक ११७ सिलिण्डर ५ हजार ५ सय लिटर अक्सिजन उत्पादन भइरहेको छ । प्रदेशका अस्पतालहरुमा थप ३६ वटा भेन्टिलेटर जडान गरिएको छ र १९९ ज्म्ग् शैयाको सेवा उपलव्ध रहेको छ ।

तत्काल १५ हजार जनालाई जाँच गर्न पुग्ने इन्टिजेन्ट किड एन्ऋच् र ख्त्ः सामग्री १० हजार घरपरिवारमा पुग्ने गरी आइसोलेसन किट लगायत कोभिड—१९

सँग सम्बन्धित औषधीहरुको खरिद प्रक्रिया अगाडि बढाइएको छ । रिक्त रहेको स्वास्थ्यकर्मीको स्थायी दरवन्दीमा ८९ जनाको पदपूर्ति गरिएको र ३७० जना अस्थाई स्वास्थ्य जनशक्ति थप गरिएको छ । जिल्लामा अवस्थित सम्पूर्ण अस्पतालका ल्याव प्राविधिक, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई कोभिड केस मेनेजमेन्ट, इन्फेक्सन, प्रिभेन्सन स्वाव कलेक्सन एण्ड डेलिभरी चम्त् इन्टिजेन टेष्टिङ ओरियन्टेसन अन भेरिएस प्रोटोकल एण्ड गाईडलाईनस भ्एभ् को प्रयोग लगायतको विविध विषयमा तालिम प्रदान गरी कोभिड—१९ को उपचारमा स्वास्थ्यकर्मीलाई प्रभावकारी रुपमा परिचालन गरिएको छ । होम आइसोलेसनमा बसेका कोभिड—१९ विरामी लक्षित गरी हेलो डक्टर कार्यक्रम हटलाईन ईन नम्वर १०९२ संचालनमा ल्याइएको छ ।

साथै मनोसामाजिक परामर्श सेवा समेत संचालन गरिएको छ । प्रत्येक दिन प्रदेशमा भएको कोभिड—१९ सँग सम्बन्धित जानकारी सर्वसाधारणको लागि सम्प्रेषण गर्ने गरिएको छ। गोरखाको वारपाक लगायत वाग्लुङ, स्याङ्जा र लमजुङमा जिल्लामा क्लष्टर तोकी इन्टिजन जाँच र कोभिड—१९ को उपचारमा सहयोग पुर्याउन स्वास्थ्यकर्कीहरुलाई स्थलगत रुपमा परिचालन गरिएको छ । कोभिड—१९ को उपचारमा आर्थिक अभाव हुन नदिन कोरोना कोष स्थापना गरी परिचालन गरिएको छ। कोरोना कोषमा हालसम्म रु ८३ करोड जम्मा भएको र सो कोषबाट रु.४७ करोड २१ लाख खर्च भइसकेको छ । कोभिड—१९ को रोकथाम र नियन्त्रणका निम्ति प्रदेशमा स्थापित बिसिसिएमसीलाई प्रभावकारी रुपमा परिचालित गरी प्रदेश स्तरका निकायहरुका सबै जिल्लाहरुमा बिसिसिसीएमसी सम्बन्धित स्थानीय तहका प्रमुखहरु र प्रमुख जिल्ला अधिकारी र सबै जिल्ला अधिकारीहरुलाई संलग्न गराइएको छ । कोभिड—१९ को उपचार, नियन्त्रण र रोकथाममा अग्रमोर्चामा खटिने सुरक्षाकर्मीहरु, स्वास्थ्यकर्मीहरुलाई, कर्मचारीहरुलाई प्रोत्साहन प्रदान गरिएको छ । गण्डकी प्रदेशमा हालसम्म १ लाख ७० हजार २०० जनाले कोभिड—१९ विरुद्धको पहिलो र दोस्रो चरणको खोप लगाइसकिएको अवस्था छ । खोप लगाउन बाँकी रहेका नागरिकका लागि नेपाल सरकारसँगको समन्वयमा खोपको व्यवस्था मिलाउन प्रदेश सभा प्रयत्नशील रहेको व्यहोरा यस सदनलाई अवगत गराउन चाहन्छु ।

३. सार्वजनिक ऋणको भार थपेर जेष्ठ नागरिक लगायतको सामाजिक सुरक्षा भत्ता बढाइएको कुरा यथार्थमा आधारित नरहेको व्यहोरा अगवत गराउन चाहन्छु । नेपाल सरकारको घोषित नीति अनुसार नै संघीय सरकारबाट सामाजिक सुरक्षा लगायतका भत्ता समसामयिक बनाउन अभिवृद्धि गरिएको र आम नागरिकले सकारात्मकताका साथ स्वागत गरेको यस कार्यक्रमको विरोध गर्नु कुनै पनि तर्कले सान्दर्भिक देखिदैन । सामाजिक सुरक्षा भत्ता जस्ता चालु प्रकृतिका व्यय आन्तरिक राजश्वबाट खर्च हुने व्यवस्था गरिएकोले कुनै सार्वजनिक ऋण बढाइएको भन्ने तथ्य तर्क पुष्टि हुँदैन ।

४. आर्थिक सर्वेक्षण २०७८ अनुसार तिर्न बाँकी सार्वजनिक ऋण आ.व. २०७१÷०७२ मा कूल गार्हस्थ उत्पादनको ह्रास २२.७८ प्रतिशत रहेकोमा २०७५÷०७६ मा यसको अंश २७.१६ प्रतिशत रहेको देखिन्छ । जसमा बाह्य ऋणको अंश ५४.९ प्रतिशत र आन्तरिक ऋणको अंश ४५.१ प्रतिशत रहेको छ । यस्तो ऋण अन्य राष्ट्रहरुको सन्दर्भमा हेर्दा जापानको २६४ प्रतिशत, भुटान १०२.४ प्रतिशत, श्रीलंकाको ९८ प्रतिशत, भारतको ८९.८ प्रतिशत, चीनको ६६.५ प्रतिशत, बंगलादेशको ४२ प्रतिशत रहेको छ भने नेपालको जम्मा २७.१६ प्रतिशत रहेको छ यो न्त्ए को आधारमा ।

५.कोभिडले राष्ट्रिय अर्थतन्त्रमा पारेको असरको कारण यस आ.व. मा संघबाट बाँडफाँड भई आउने सबै प्रकारका अनुदानहरुमा कटौती भएको र गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा उल्लेख्य रुपमा खर्च वृद्धि हुन गई मौजुदा रकम कम हुने हुनाले आगामी आ.व. को बजेटको आकार विगतको आ. व. भन्दा कम हुन सक्ने यथार्थ अवस्था जानकारी गराउन चाहान्छु ।

६.प्रदेशको स्थापना सँगै समृद्ध प्रदेश सुखी नागरिक बनाउने दीर्घकालीन लक्ष्यका साथ अगाडि बढेको प्रदेश सरकारले विगत ३ वर्षमा आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार विकासको क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको छ । सामाजिक विकासका क्षेत्रमा शिक्षा तथा स्वास्थ्य पूर्वाधार विस्तार र विकास, दक्ष जनशक्तिको व्यवस्थापन, एक घर एक धारा अभियान मार्फत आधारभूत खानेपानीमा सबै नागरिकको पहुँच सुनिश्चित लगायतका कार्यक्रमहरुमा ठोस उपलव्धि हासिल गरेको छ । पूर्वाधार

विकासको क्षेत्रमा प्रदेश गौरवका आयोजना, एक निर्वाचन क्षेत्र एक सडक, स्थानीय तहको केन्द्र जोड सडक, रणनीतिक महत्वका सडक, सिँचाई आयोजना, गण्डकी प्रदेश उज्यालो प्रदेश कार्यक्रम, काठेपुल विस्थापन कार्यक्रम, मुख्यमन्त्री जलवायु नमुना कृषि गाउँ लगायतका कार्यक्रमबाट जनताले अनुभूत गर्ने गरी प्रगति हासिल भएको छ । संसामयिक, समन्यायिक र समावेशी विकासमा जोड दिदै भूगोल जनसांख्यिक गरीवि तथा सामाजिक वञ्चितीकरण समेतलाई हेरी आवश्यकता र औचित्यको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गरिने नै छ । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई आवश्यक र औचित्यको आधारमा निरन्तरता दिइने प्रदेश सरकारको नीति रहेको पनि म जानकारी गराउँदछु ।

माननीय सदस्यहरुज्यूले विभिन्न समयमा प्रत्यक्ष भेटघाट, भर्चुवल माध्यम र यस सदन मार्फत दिनुभएका रचनात्मक सुझावहरुलाई स्रोत र साधनको उपलव्धता समेतका आधारमा विगतका वर्षदेखि नै बजेट तथा कार्यक्रम समावेश गराउँदै कुरा अवगत गराउँदै आगामी आ.व. समेत समेत निरन्तरता दिने विश्वास दिलाउन चाहन्छु। मैले प्रस्तुत गरेको विनियोजन विधेयक २०७८ को सिद्धान्त र प्राथमिकतामा प्रदेश सरकारले अगाडि सारेको विकास समृद्धि र सुशासनका लक्ष्य हासिल गर्ने र संघीय लोकतान्त्रिक, गणतान्त्रात्मक शासन व्यवस्थालाई आधारभूत तहबाट संस्थागत गर्दै लैजाने दिशामा केन्द्रित भएको छ । समग्र विकास र समृद्धिको लक्ष्य हासिल गर्ने संघ प्रदेश र स्थानीयको  समन्वयात्मक पहलका साथै आम नागरिकको आवश्यकता रहन्छ। अन्तमा, यस गरिमामय सभामा विनियोजन विधेयक २०७८ को सिद्धान्त र प्राथमिकताको सन्दर्भमा महत्वपूर्ण सुझाव दिनु हुने सबै माननीयज्यूहरुमा धन्यवाद व्यक्त गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो छलफल यही समाप्त हुनछ ।  माननीय सदस्यहरु, अब यो वैठक २०७८ जेठ २३ गतेसम्मको लागि स्थगित हुन्छ ।

# भर्वेटिममा संलग्न

| तयार गर्ने | रुजु गर्ने | कम्प्युटर सेटिङ् तथा प्रिन्टिङ् |
|---|---|---|
| कञ्चन कम्प्युटर सेवा | रबिन्द्र घिमिरे | सबिता कुमारी शर्मा |
| न्यूरोड, पोखरा । | कम्प्युटर अधिकृत (आठौं) | माइक संचालक |
| | कुमार रिजाल | |
| | कानुन अधिकृत | |